National News Bulletin

आकाशवाणी हो

April 14, 2025

प्रमुख समाचार:

- राष्ट्रले आज बाबा साहेब डॉ भीमराव अंवेडकरलाई उहाँको 134 औं जयन्तीमा श्रद्धान्जली अर्पित गरि रहेको छ । राष्ट्रपित उप राष्ट्रपति, प्रधानमन्त्री र लोकसभा अध्यक्ष लगायत अन्य गणमान्य मानिसहरूले संसद भवन परिसरमा बाबासाहेबको प्रतिमामा पुष्पांजली अर्पति गर्नुभयो।
- प्रधानमन्त्री नरेन्द्र मोदीले यस अवसरमा हरियाणामा कैयन परियोजनाहरूको शुभारम्भ गर्नुभयो।
- केन्द्रिय गृहमन्त्री अमित शाहले नयाँ दिल्ली अखिल भारतीय फोरेन्सिक विज्ञान शिखर सम्मेलनको उद्घाटन गर्नुभएको छ। उहाँले भन्नुभयो सरकारले देशको न्याय प्रणालीलाई जन केन्द्रित र वैज्ञानिक बनाउने प्रयास गरि रहेको छ।
- भगौड़ा हीरा व्यापारी नेहुल चोकसीलाई बेल्जियममा गिरफ्तार गरिएको छ।
- तीरंदाजी विश्व  कपको पहिलो चरण अमेरीकाको फ्लोरिडा मा भारतका धीरज बोम्माहेवराले कांस्य पदक जीतेका छन्।
- आईपिएल क्रिकेट चेन्नाई सुपर किंगस को सामना लखनउ सुपर जाइन्ड सित भई रहेको छ।

अम्बेडकर- जयन्ती

राष्ट्रले आज भारतीय संविधानका निम्ति डाक्टर भीमराव आम्वेडकरको एक सय चौतीसौं जन्म जयन्तीमा श्रद्धान्जली अर्पित गरि रहेको छ। यस अवसरमा देशभरिमा कैयन कार्यक्रमहरू आयोजित गरिएका छन्। राष्ट्रपित द्रौपदी मुर्मु, उप राष्ट्रपति जगदीप धनखड़, प्रधानमन्त्री नरेन्द्र मोदी र लोकसभा अध्यक्ष ओम बिड़ला लगायक् कैयन केन्द्रिय मंत्री सांसद र अन्य गणमान्य व्यक्तिहरूले आज संसद परिसरमा बाबा साहवको प्रतिभामा पुष्पांजली अर्पित गर्नुभयो।

डॉक्टर अम्वेडकर स्वतन्त्र भारतका प्रथम विधि तथा न्या मन्त्री हुनुहुन्थ्यो। उहाँलाई वर्ष 1990 मा मरणोपरान्त, भारतको सर्वोच्य नागरिक सम्मान भारत रत्नद्वारा सम्मानित गरिएको थियो।

अम्वेडकर श्रद्धान्जली

राज्यसभाका उपसभापति हरिवन्श, राज्यसभामा सदनका नेता – जे पी नड्डा, राज्यसभामा विपक्षका नेता राहुल गाँन्धी, केन्द्रिय मन्त्री गण र संसद सदस्यहरू साथै आम मानिसहरूले आज संसद भवन परिसरमा डॉक्टर भीमराव अम्वेड्करको प्रतिमा समक्ष श्रद्धान्जली अर्पित गर्नुभयो।

दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ता, केन्द्रिय मंत्रीहरू, सास्द गण र विभिन्न राजनीतिक दलका नेताहरूले संविदान सदनका सन्ट्रल हलमा डॉक्टर भीमराव अम्वेडकरको प्रतिमामा श्रद्धान्जली अर्पित गर्नुभो।

## राष्ट्रपति अंबेडकर

राष्ट्रप्रति द्रौपदी मुर्मुले डॉ भीमराव अंबेडकरको जयन्तीमा देशवासीहरूलाई शुभकामना दिनुभएको छ। एक सोशल मिडिया पोस्टमा राष्ट्रपतिले भन्नुभयो, आफ्नो प्रेरणादयक जीवनमा बाबा साहेबले चरम कठिनाईहरूको सामना गरे तापनि आफ्नो एक विशिष्ट पहिचान बनाउनुभयो र आफ्ना असाधारण उपलब्धिहरूले विश्वमा सम्मान अर्जित गर्नुभयो।

## प्रधानमन्त्री – हरियाणा

प्रधानमन्त्र नरेन्द्र मोदीले राष्ट्रले आज बाबा साहेब अंबेडकरलाई श्रद्धान्जलि दिई रहेको र उहाँका आदर्शहरूले सरकारको संधै मार्गदर्शन गरि रहनेछ, भन्नुभयो। हरियानाको हिसारमा एक जनप्रभालाई संबोधित गर्दै श्री मोदीले भन्नुभयो, विगत एघार वर्षहरूमा बाबा साहेबको जीवन उहाँको संघर्ष र उहाँको शाश्वत सन्देश सरकारको यात्राको आधार रहेको छ।

यस अघि, प्रधानमन्त्रीले आज हिसार हवाई अड्डामा अयोध्याका लागि व्यावसायिक उड़ानको शुभारम्भ गर्नुभयो र टर्मिनल टू भवनको आधारशिला राख्नुभयो। यो नाय टर्मिनल चार सौ दस करोड़ रूपियाँको लागतले तयार हुनेछ र यसमा आधुनिक यात्री टर्मिनल, एउटा सर्मपित कार्गो सुविधा र हवाई यातायात नियन्त्रणको सुविधा हुनेछ।

यस अवसरमा हरियाणाका मुख्यमन्त्री नायब सिंह सैनीले नयाँ विमान सेवा शुरू हुनाले क्षेत्रीय व्यापार र पर्यटन बढ्ने र लगानीमा अधिक अवसरहरू उपलब्ध हुनेछ, भन्नुभयो।

प्रधानमन्त्री मोदीले 800 मेगावाट पावन युनिटको दीन बन्धु छोटुराम ताप विद्युत संयत्र, मुकरवरुरमा कम्प्रेसट बायो ग्यास संयत्र र भारतमाता परियोजना अन्तर्गत 14 किलोमीटरको रेवाड़ी बाइपास लगायत् अनेक विकास परियोजनाहरूको आधारशिला राख्यनुभयो र उद्घाटन गर्नुभयो।

## गृहमन्त्री – फोन्सिक

गृहमन्त्री अमित शाहले भन्नुभएकोछ, नरेन्द्र मोदी सरकारले देशको न्याय प्रणालीलाई जन-केन्द्रित र वैज्ञानिक बनाउने प्रयास गरि रहेको छ। नयाँ दिल्लीमा आज अखिल भारतीय फोरन्सिक विज्ञान शिखर सम्मेलनलाई संबोधित गर्दै श्री शाहले सरकारले सबैलाई समयमा न्याय उपलब्ध गराइने र न्यायबाट संतुष्ट हुने दिशामा कार्य गरि रहेको भन्नुभएको छ।

देशको आपराधित प्रणालीलाई दरिलो पार्नका लागि फोरेन्सिक विज्ञान अत्यंत उपयोगी भएको उहाँले भन्नुभएको छ।

## मेहुल चोकसी गिरफ्तारी

भगौढा हीरा कारोबारी मेहुल चोकसीलाई बेल्जियम पुलिसले गिरफ्तार गरेकोछ। पंजाब नेश्नल ब्याँकमा साढे 13 हजार करोढ रूपियाँको धोखाधडी मामिलामा सो गिरफ्तारी भएको हो। 65 वर्षीय चोकसीलाई केन्द्रिय अन्वेषण ब्यूरो - ˉCBI को अनुरोधमा र मुंबईको एक अदालतको दुई गिरफ्तारी वारन्टको आधारमा गिरफ्तार गरिएको हो।

## नागालैण्ड सोलर मिशन शुभारम्भ

नागालैण्डका मुख्यमन्त्री नेफ्यू रियोले आज नागालैणाड सौर मिशनको शुभारम्भ गर्नुभएको छ। यसको उद्देश्य राज्यमा आवासीय रूफटप सौर बिजुली प्रणालीलाई अपनाउनुमा तीव्रता ल्याउनु हो। यो पहल प्रधानमन्त्री सूर्यधर निशुल्क बिजुली योजनाको अनुरूप हो।

## तीरन्दाजी

तीरन्दाजीमा आज बिहान अमेरीकाको फ्लोरिडा मा तीरंदाजी विश्व कप -2025 मा भारतका धीरज बोम्मदेवराले रजत पदक जीतेका छन्। धीरजले पुरूषहरूको निजी रिकर्व स्पर्धामा एन्ड्रेस वेमिनो मेडिकललाई 6-4ले पराजित गरे। यस प्रतियोगितामा धीरजको यो दोस्रो पदक पनि हो।

यस जीटका साथ भारतले तीरंदाजी विश्व कपमा कुल चार पदक जीतेको छ जसमा एक स्वर्ण, एक रजत र दुई काँस्य पदकहरू छन्। भारतीय टीम पदक तालिकामा चौध स्थानमा रहेको छ।

## आईपीएल

आईपीएल क्रिकेटमा आज सखनऊमा चेन्नई सुपर किंगस् को सामना लखनउ सुपर जाइन्ट सित भई रहेको छ। चेन्नई सुपर किंगसले टस जितेर पहिले बलिङ गर्ने निर्णय गरेको छ।

## महीला हॉकी – अस्ट्रेलिया दौरा

हॉकी इण्डियाले आज पर्थ हॉकी स्टेडियममा अस्ट्रेलिया दौड़हाका लागि 26 सदसीय महिला टीमको घोषणा गरेको छ। पाँच मैचहरूको श्रृखलाको पहिलो दुई गेमहरूमा भारतको सामना अस्ट्रेलिया रन सिट हुनेछ। यसपछि सीनियर अस्ट्रेलियाई टीमका साथ तीन मैचहरू खेलिनेछन्। महिला टीमकी कप्तान मिड- फिल्डर सलीमा टेटे र उप कप्तान नवनीत कौर हुनेछिन्। दवै गोल पोस्टरका बीच अनुभवी गोल कीपर सविता र युवा प्रतिभा बिचु देवी खारिगमले आफ्ना जिम्मेदारीहरू साझा गर्नेछिन्।

**बिहार खेलो इण्डिया**

बिहारमा मुख्यमनात्री नीतीश कुमार र केन्द्रिय खेल मन्त्री डॉ मनसुख माण्डवियाले आज खेलो इण्डिया युवा खेल 2025 को शुभंकर र लोगोको अनावरण गर्नुभयो। यसको आयोजना 4 देखि 15 मई सम्म बिहारका विभिन्न शहरहरूमा गरिनेछ।